

# दोर्दी-१ जलविद्युत खबर

असार २०७६, अंक ३२

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट ९४८.५ मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट पनि ६२६.५ मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले असार मसान्त सम्म Inlet र Outlet तर्फ गरी कुल १५७५ मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, श्रावण मसान्त सम्ममा Inlet/Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई १७२५ मिटर पुऱ्याउने लक्ष्यका साथ काम अघि बढिरहेको छ ।

हेडवर्क्सको सिभिल संरचना अन्तर्गत Desander निर्माण कार्यको प्रगति ६४.० प्रतिशत पुगेको छ ।




**सुरुङ खन्ने कार्यको मासिक प्रगति ।**



**Headwork Area मा हुदै गरेको हालसम्म निर्माण कार्य ।**

आयोजनाको Under sluice मा Gate Frame राख्ने कार्य सम्पन्न भईसकेको छ र खोलालाई Under sluice Gate तर्फ फकाई वाँकी भागमा वाँध निर्माण कार्य अघि बढिरहेको छ । असार महिनासम्म Weir, Undersluice तथा Intake को प्रगति ५७ प्रतिशत पुगेको छ । Stilling Basin को कुल 25m×33m मिटर मध्ये 25m×24m मिटर सम्पन्न भईसकेको छ ।

त्यसैगरी, Penstock Pipe को Civil Foundation को कार्य पनि तीव्र गतिमा भइरहेको छ । बुटवल स्थित मेगा हाइड्रो एण्ड इन्जीनियरिङको फयाक्ट्रीमा Penstock को ३०० मिटर पाइप रोलीङ भइसकेको छ भने तिन वटा बेन्ड Assembly भई आयोजना स्थलमा पुगिसकेको छ ।

हेडवर्क्स क्षेत्रमा खोलाको Right bank मा 3.5m height को Flood wall निर्माण सम्पन्न भईसकेको छ र साथै 3m width को Slab निर्माण पनि सम्पन्न भईसकेको छ । त्यसरी सम्पूर्ण हेडवर्क्सको कार्य प्रगति ६२% काम सम्पन्न भईकेको छ ।

यस आयोजनाको Electromechanical कार्यका लागि B Fouress Pvt. Ltd. (BFL) सँग सम्झौता भइसकेको छ । विद्युतगृहको आवश्यक Design कार्य सम्पन्न भईसकेको छ र हाल Power house मा Excavation को काम सम्पन्न भइसकेको छ । हाल विद्युतगृह निर्माण स्थलमा Earth Mat बिछ्याउने कार्य सम्पन्न भईसकेको छ र विद्युतगृहको निर्माण कार्य तिव्र गतिमा अघि बढिरहेको छ । विद्युतगृहको दुवै Unit को Tailrace Gate Frame को जडान कार्य पनि सकी विद्युतगृहको Raft Foundation को निर्माण कार्य पनि निरन्तर भईरहेको छ ।



सुरुङ्गको **Survey** कार्य गरिदै ।

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनको निर्माण कार्य पनि तीव्र गतिमा अघि बढिरहेको छ । सबस्टेसनमा आवश्यक Bay हरुको Foundation कार्य सम्पन्न भई हाल सबस्टेसनको Equipment जडान गर्ने कार्य भईरहेको छ ।



विद्युत गृह क्षेत्रमा भएको निर्माण कार्यको प्रगति ।



**Desender** को **Spilway** को निर्माण एवंम **Survey** कार्य गरिदै ।


सम्पादक : कृतिका भट्ट

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

त्रिपुरेश्वर, काठमाडौं

फोन न: ९७७ - ०१ ४२३२७५०

वेबसाइट: www.dordikhola.com.np